

# मीनाको कथा

मीनालाई दाजुको कुरा घत लाग्छ । उनलाई लाग्छ–समयको के भरोसा? हरेस खाएर बस्यो भने त आँगनमै लडेर मर्न पनि के बेर ! उनले यस्ता समस्यासँग जुध्ने हो भाग्न होइन भन्ने निस्कर्ष निकालिन् त्यस पछि...

मीनाले हरेस खाइनन् । त्यो कारखानामा उनले साहूको र ठेकदारको मात्र होइन थुप्रै साथीहरुको समेत मन जितिन् । आफ्नै सेक्सनमा काम गर्ने सुन्दरसँग त मीनाको हिमचिम नै बढ्यो र विहे पनि भयो । सुन्दर यूनियनमा काम गर्थे, नेता थिए । उनले नै मीनालाई अन्याय, शोषण के हो छर्लङ्ग हुने गरी बुझाए । यसले मीनालाई यूनियनमा लाग्न र अत्याचार विरुद्ध आवाज उठाउन प्रेरणा दियो । अचेल सुन्दर घरको काम गर्छन, र मीना यूनियनको अध्यक्ष छिन् ।






मेरी आमा धेरै जसो समयमै घर आइपुग्नु हुन्छ । तर हप्तामा दुई तीन दिन भने ढिलो आउनु हुन्छ । त्यसमा पनि शनिवार त उहाँलाई सास फेर्ने फुर्सद समेत हुँदैन । आमाले भन्नु भएको, विदाको दिन यूनियनमा मिटिङ्ग हुन्छ रे !

यूनियनको नेता भए पछि सदस्यहरुलाई जहिले फुर्सद हुन्छ, त्यही समयमा उनीहरुसँग काम गर्नुपर्छ रे । त्यस्तो वेला बाबाले नै खाना पकाउनु हुन्छ । कहिलेकाहीं वहाँ मेरो पढाइको बारेमा पनि चासो राख्नु हुन्छ ।




छिमेकीका अरु मान्छेहरु मेरो बुवालाई जोइटिंग्रे भनेर गिज्याउँछन् । आमालाई सघाएकोले जोइटिंग्रे भनेर जिस्काएको रे ! बाबा तिनीहरुको कुरालाई हाँसेर टार्नुहुन्छ ।



मेरा आमाको थुप्रै केटी साथीहरु हुनुहुन्छ । म उहाँहरुलाई आण्टी भन्छु । सबै आन्टीहरु चाहिं मेरो बाबाको खूब तारिफ गर्छन् । उहाँहरुलाई मेरो बाबा र आमाको मिल्ती देखेर डाढ लाग्छ रे !

बुवाले त्यसरी काम गर्नु हुँदा शुरु शुरुमा त म पनि जिल्ल परेकी थिएँ । बुनु, रमा र संझनाको ड्याडीहरुले काम गरेको मैले देखेकै छैन । अंकलहरु अफिसमा जागिर खानुहुन्छ रे । जागिर खाने केटा मान्छेले घरमा काम गर्न भ्याइँदैन रे ।







उनीहरुको ममीहरु पनि मेरो आमाले जस्तै काम गर्नुहुन्छ । तर उनीहरुको डाडीहरुले घरको काम गर्न नभ्याउने, ममीहरुले चाहिं कसरी भ्याउने होला, मलाई अनौठो लाग्यो । पक्कै केटा मान्छे भन्दा केटी मान्छे तगडा हुन्छन् कि क्या हो जस्तो पनि मलाई लाग्यो । तर मेरो बाबा त आमा जत्ति नै काम गर्नुहुन्छ त ? साँच्ची नै अरुका बाबा त मेरो बाबा जस्ता छैनन् ।


हुन त, बाबाले यसरी काम गर्न थाल्नु भएको तीन वर्ष भयो । त्यसवेला म ३ कक्षामा पढ्थें एक दिन आमा र बाबाको बीचमा ठूलो झगडा भयो । उहाँहरु बीच ठाकठुक पर्दा जहिले पनि मलाई बाहिर पठाउनु हुन्थ्यो ।
घरमा भात पकाउनु पर्छ भन्ने कुरा तिमीलाई थाहा थिएन ? ... यो गन्हाउने मोजा मैले कहिलेदेखि लगाइरहेछु ?!
मैले सबै कुराहरु बाहिरबाट सुनिरहेकी थिएँ । आमाले गाली खानु परेकोमा मलाई दुःखः लाग्यो । तर बाबा को चित्त दुखाई पनि ठीकै हो कि जस्तो लाग्यो । ओहो ! उता आमा ठूल-ठूलो स्वरमा बाझ्दै हुनुहुन्थ्यो । आमा बाबाभन्दा ज्यादै नै झोक्किंदै हुनुहुन्थ्यो ।
बाबा को स्वर सुनिन छोड्यो । उहाँ यो आइमाईसँग के बाझ्ने भनेर चुप लाग्नु भएको पो हो कि? तर आमा भने अझै आगो ओकल्दै हुनुहुन्थ्यो ।
“घर छिटो आउ है भन्दा कस्तो माया गर्ने लोग्ने भन्ने ठानेको त...”
...बल्ल आज मैले बुझेँ, तपाईं कति स्वार्थी हुनुहुँदो रहेछ । तपाईंलाई मेरो होइन, भात पकाउने र लुगा धुनेको पो चिन्ता रहेछ !?

आमालाई साह्रै चित्त दुखेको रहेछ । त्यो रात सुत्ने वेलामा आमाले मलाई धेरै कुराहरु सुनाउनु भयो । उहाँले भनेका सबै कुरा मैले बुझ्भिनँ तर उहाँलाई काम गर्ने ठाउँ, यूनियन र घरपरिवार सबै उत्ति नै प्यारो थियो । उहाँ काम गर्न चाहनु हुन्थ्यो र असल आमा बन्ने कोसिसमा हुनुहुन्थ्यो ।

त्यो साँझदेखि बाबामा अनौठो परिवर्तन आयो । सबै कुरा त मलाई थाहा छैन तर आमा र बाबाको बीचमा सम्झौता भएको पक्कै हुनुपर्छ ।




एकदिन अचम्म भयो । आमाले बाबालाई र मलाई उहाँको यूनियनको एउटा कार्यक्रममा लैजानु भयो । त्यहाँ कारखानाका थुप्रै अंकल र आण्टीहरु थिए । हाम्रो छिमेकको घिउ साहुको जत्रै भुँडी भएको मान्छे पनि थियो । त्यसलाई मेनेजर सा'प भनेको मैले सुने ।

सबै मान्छे हामी केटाकेटी जस्तै भुई र मेचमा बसेका थिए । मेरी आमालाई सभापति भनेर मञ्चमा डाके । मेरो बाबालाई त प्रमुख अतिथि भनेर मञ्चमा बोलाए । डोलाराम सांसदले जस्तै हात जोडेर बाबा मञ्चमै बस्नु भयो ।

बाबाले के के भाषण गर्नु भयो । मैले त एउटा दुइटा कुरा मात्र बुझें, अरु त सत्ते केही बुझिनँ । मसँगै तल बस्ने मान्छेहरु चाहिँ के के नै भा'जस्तो तररर ताली पिटिरहेका थिए । मैले पनि सँगसँगै ताली पिटिदिएँ–आफ्नै बाबाले बोलेको त हो नि !







सप्पै मान्छे गललल हाँसे, र ताली पिटे । मैले त कुरै बुझिनँ । म पनि हाँसे ।


किन हासेको नानी ?
हाम्रो बाबाले आमाको नाम बिर्सनु भएछ क्या, घरमा मिना भन्नु हुन्छ, यहाँ चाहिँ सभाध्यक्ष अरे !
असल पिता हुनका लागि मेरा केही प्रस्तावहरु छन् । बाबाको भाषण चलिरहेको थियो...
पहिलो, आफ्ना केटाकेटी सँगै भएको बेला उनीहरूसँग धेरै कुरा गर्नुहोस्, उनीहरूको कुरा सुन्नुहोस्, बालबालिकाले सोधेको कुरामा झिंजो नमान्नोस् । उनीहरूलाई भोलि भनेर नटार्नोस् ।
एकै छिनलाई भए पनि आफ्ना केटाकेटीको लागि समय छुट्टाउनुहोस्, केटाकेटीसँग “म थाकेको छु, व्यस्त छु उता जाऊ” ...नभन्नोस् ।
सकेसम्म केटाकेटीहरू सँग बाहिर डुल्न जानुहोस्, सँगै बसेर एकैछिन खेलिदिनु भयो भने उनीहरू ढंग पर्नेछन् ।


केटाकेटी लाई साना भनेर नहेपौं ।
केटाकेटीलाई माया गर्नुहोस्, भनाइमा मात्र होइन गराइबाट । कसरी भन्नुहोला,.. हाँसेर, अँगालो मारेर, खेलेर...
तपाईंका केटाकेटी होस्टेलमा राख्नु भएको छ भने बेला बेलामा भेट्न जानोस् । उनीहरूको समानहरू, किताब, नोट हेरेर आफ्नो चासो दर्शाउनोस् ।
केटाकेटीलाई तपाईंको आफ्नो साँचोमा ढाल्न जबरजस्ती नगर्नुहोस्, राम्रो, तर उनीहरूको रोजाई बमोजिमको बाटोमा हिड्न प्रेरित गर्नुहोस् ।
उनीहरूको कमजोरी बुझ्ने प्रयत्न गर्नुहोस्, उनीहरूलाई गाली गरेर होइन माया गरेर संझाई, बुझाई गर्नुहोस् ।
केटाकेटीको लागि आमा-बाबु भनेको मानसिक सहयोगी हुनुपर्छ । उनीहरूले केटाकेटीलाई नमूना बन्न सक्ने विचार दिन सक्नु पर्दछ ।..







बाबाले भाषणमा यस्तै यस्तै धेरै कुराहरु भन्नु भयो । भनेका धेरै कुरा हाम्रो घरमा बाब–आमाले पालना गरिरहनु भएको थियो । मैले बल्ल बुझें, झगडा गरेको दिन मलाई बाहिर जा भनेर किन भनेको रहेछ । यसपछि त बाबा आमाको सम्बन्ध झन् राम्रो भयो । तैपनि कहिलेकाहीं सम्झौता फेल खाइ हाल्थ्यो ।




आमा पनि कहिलेकांहि यस्तो कुरामा पनि रिसाइ दिनुहुन्थ्यो ।




आमाले बाबालाई पटक पटक वाचा गराउनु हुन्थ्यो ।




एक दिन मैले बिहान उठ्दा आमालाई देखिनँ । त्यो दिन विदाको दिन थियो । मेरो दाउ थियो, बाबा-आमासँग चिडियाघर घुम्न जाने । आमा मलाई नदेखेपछि मलाई साह्रै चित्त दुख्यो । म बिहानभर रोइरहें । बाबाले सम्झाउँदा पनि मानिनँ । तर दिउँसो आमाले ओछ्यानमा छोडेको चिठी पाएँ ।
छोरी, तिमीसँग आज घुम्न जान नपाएकोमा मलाई पनि नरमाइलो लागेको छ । तर म तिमीलाई आउने शनिवार रोजेको ठाउँमा घुमाउन लाने वाचा गर्छु ...तिम्रो आमा ...


केही समय पहिले आमाको यूनियनले आयोजना गरेको पारिवारिक
समेत हामीले भाग लियौं । बाबालाई जोईटिङ्ग्रे भन्नेहरुले पनि त्यहाँ बाबाको प्रशंसा गरे ।




अब मैले धेरै बुझिसकेकी छु... हामी गरीब छौं त के भयो हाम्रो परिवार अरुको भन्दा मायाले बाँधिएको छ । हाम्रो परिवार प्रजातान्त्रिक छ ।






बेलुकीको खाना पछि कहिलेकाहिं हामी सँगै बसेर कुरा गर्छौं । एक पटक बुवाले मलाई सोध्नु भयो–






**लेखन**
विष्णु रिमाल/कविन्द्रशेखर रिमाल

**चित्र**
बासु क्षितिज

**संयोजन**
महेन्द्र श्रेष्ठ

**मूल्य : रु १०।–**

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ

**मुद्रण व्यवस्थापन**
एम्ज माउस

**प्रकाशन सहयोग**
क्याड (डेनिस महिला ट्रेड यूनियन)/डानिडा

**जिफन्ट प्रकाशन नं.** ६७